वर्ष ७, अंक ४
२०७३ असार, 2016 June

# ICAN Newsletter

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको खबरपत्र

**प्रिय मित्रहरू,**



गत वर्ष मैले एक बर्षको लागि संस्थाको अध्यक्षको सम्मानित पदभार ग्रहण गर्ने अवसर प्राप्त गरेको थिएं जुन केही दिनमानै समाप्त हुंदैछ । संस्थाको अध्यक्षको हैसियतमा सदस्यहरू तथा सरोकारवालाहरू समक्ष यो मेरो चौथो र अन्तिम मन्तव्य हो । संस्थाको विकासको लागि मेरो कार्यकालमा अध्यक्षको रूपमा मैले गरेका कार्यहरूको मूल्याङ्कन गर्न सदस्यहरू तथा सरोकारवालाहरूलाई छोडेको छु । मेरो जिम्मेवारीको अंशको रूपमा अप्रिल २०१६ देखि जून २०१६ सम्म अन्तिम तीन महिनाको कार्यकालमा भए गरेका कार्यहरूको जानकारी गराउन चाहन्छु ।

**बिद्यार्थी मामिला**

भविष्यमा प्राप्त गर्न सकिने अवसर तथा संगठित क्षेत्रमा चार्टर्ड एकाउन्टेन्टहरूको बढ्दो मागको कारण चार्टर्ड एकाउन्टेन्सी कोर्ष प्रतिको आकर्षक स्थापित हुंदै गईरहेको छ । यसको असर संस्थामा नयां दर्ता भएका बिद्यार्थीहरूको बढ्दो संख्याले देखाएको छ ।

संस्थाले बिद्यार्थीहरूवीच सिए शिक्षाको महत्व बारे जानकारी गराउने उद्देश्यले नियमित रूपमा देशका विभिन्न क्षेत्रमा करीयर काउन्सलिङ्को संचालन गर्दै आएको जानकारी गराउन चाहन्छु । यी कार्यक्रमहरूमा निकै राम्रो संख्यामा बिद्यार्थीहरूको सहभागिता रहेको थियो । संस्थाले काठमाडौंमा 2nd CA ICAN Career Expo, 2016 संचालन गरेको थियो । त्यस्तै संस्थाले Kantipur-HISSAN Edu Fair, २०७३ मा समेत सहभागिता जनायो । यसैगरी पोखरा, बुटवल, नेपालगंज र बिराटनगरमा करीयर सेमिनारको आयोजना समेत गरियो । जसमा बिद्यार्थीहरूको राम्रो सहभागिता रहेको थियो ।

बिद्यार्थीहरूलाई सिए अध्ययनमा बढी से बढी सहयोग पुर्‍याउने प्रयोजनको लागि संस्थाले पाठ्यपुस्तकको संशोधन गर्दैआएको छ । संस्थाले CAP II तहका सम्पूर्ण पुस्तकहरू र CAP III तहका अधिकांश पुस्तकको संशोधन कार्य सम्पन्न गरेको छ भने बांकी रहेका पुस्तकहरू पनि संशोधनको अन्तिम चरणमा रहेको छ ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को पांचौ संशोधनले संस्थाद्वारा मान्यता प्रदान गरेका विदेशी संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी योग्यता हासिल गर्नेहरूको लागि संस्थाको सदस्यता तथा पेशागत प्रमाणपत्र प्राप्त गर्न एक बर्षे Internship गर्नुपर्ने व्यवस्था लागु गरिसकेको जानकारी गराउन चाहन्छु । यसबाट लेखाव्यवसायमा लाग्नेहरूको क्षमता अभिबृद्धिमा सहयोग पुग्ने संस्थाले विश्वास लिएको छ ।

CAP III तहका बिद्यार्थीहरूलाई अन्तिम परीक्षामा सहयोग पुगोस् भन्ने अभिप्रायले यसपटक संस्थाले १० दिनको Crash Course संचालन गरेको थियो । जसमा एडभान्स एकाउन्टिङ्, ट्याक्सेसन, अडिटिङ् र कपोरेट ल का विषयहरूको अध्यापन गराईएको व्यहोरा जानकारी गराउन चाहन्छु ।

बिद्यार्थीका विविध क्रियाकलापका सम्बन्धमा जानकारी लिन र हौसला प्रदान गर्न २०७३, बैशाख १७ गते शुक्रवार नेपाल चार्टर्ड एकाउन्टेन्ट्स बिद्यार्थी संगठनका नवनियुक्त अध्यक्ष तथा उक्त संगठनको अन्य प्रतिनिधि मण्डलले संस्थाका अध्यक्ष, उपाध्यक्ष, पार्षदहरू र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स बिद्यार्थी संगठनका निर्वाचन कमिटि सदस्यहरूसंग भेटघाट गरी बिद्यार्थी सम्बन्धी विविध विषय माथि छलफल तथा अन्तरक्रिया गरेको कुरा जानकारी गराउन चाहन्छु ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले CAP I, CAP II र CAP III तहको परीक्षा जून १, २०१६ मा शुरू गरी जून ९, २०१६ मा सम्पन्न गरेको व्यहोरा

**Anti-Money Laundering सम्बन्धी कार्यशाला गोष्ठी**

संस्थाको Contemporary Issue Discussion Committee ले अप्रिल २२, २०१६मा काठमाडौंमा आधा दिनको Anti-Money Laundering सम्बन्धी कार्यशाला गोष्ठी आयोजना गर्‍यो । कार्यशाला गोष्ठीमा कमिटीका सभापति एवं पार्षद सिए. सुनिल जाकीवञ्जाले सहभागीहरूलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नुभएको थियो ।




कमिटीका सभापति एवं पार्षद सिए. सुनिल जाकीवञ्जा सहभागीहरूलाई स्वागत गर्दै ।

कार्यक्रम निम्नानुसार दुई सत्रमा संचालन गरिएको थियो ।

| Session | Topics | Paper Presenter |
|---|---|---|
| Session 1 | **History of Anti-money Laundering: An Overview** | CA. Maha Prasad Adhikari, Former Deputy Governor, Nepal Rastra Bank |
| Session 2 | **Anti- Money Laundering/ Combating the Financing of Terrorism(AML/CFT)** | CA. Devendra Gautam, Certified Anti Money Laundering Specialist |

कार्यक्रममा ९८ जना महानुभावहरूको सहभागिता रहेको थियो । सहभागी संस्थाका सदस्यहरूलाई ५ सी.पी.ई क्रेडिट आवर प्रदान गरिएको थियो ।

**अन्तरक्रिया कार्यक्रम**

सम्पत्ति शुद्धिकरण बिभागले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सहकार्यमा मे ८, २०१६ मा काठमाडौंमा Role of Non- financial Professional on Anti-Money laundering सम्बन्धी अन्तरक्रिया कार्यक्रमको आयोजना गर्‍यो । Anti-Money laundering सम्बन्धीका विशेषज्ञहरूले सम्पत्ति शुद्धिकरण ऐनको प्रभावकारी प्रयोगमा लेखापरीक्षकहरूको भूमिका बारेमा प्रकाश पार्नुभएको थियो ।



अन्तरक्रिया कार्यक्रममा अध्यक्ष सिए. प्रकाश लम्साल सम्बोधन गर्नुहुंदै ।

जानकारी गराउन चाहन्छु । विगत झैं बिद्यार्थीको सहजताको लागि यस पटक पनि संस्थाको केन्द्रीय कार्यालय लगायत पोखरा, बिराटनगर र वीरगंज स्थित शाखा कार्यालयहरूबाट परीक्षा संचालन गरिएको थियो ।

संस्थाले मार्च, २०१६ मा संचालित लेखाप्राविधिक परीक्षाको परीक्षाफल प्रकाशित गरेको छ । परीक्षाको नतीजा अनुसार १२ जनाले परीक्षा दिएको मध्ये ३ जना बिद्यार्थीहरू उत्तीर्ण हुन सफल भएका छन् ।

## सदस्य क्रियाकलाप तथा क्षमता अभिबृद्धि

परिवर्तित वातावरण अनुरूप कार्य दक्षतामा अभिबृद्धिको साथै व्यावसायिक तथा प्राविधिक मान बारेमा आफ्ना सदस्यहरूको शीप तथा ज्ञानलाई बृद्धि गर्न संस्थाको सदैव अहम् भूमिका रहँदै आएको छ । सदस्यहरूको लेखा, लेखाव्यवसाय तथा अन्य समसामयिक विषयमा सन्तोषजनक योगदान रहँदै आएता पनि समय सापेक्ष रूपमा परिवर्तनका लागि काम गर्ने क्षेत्र प्रशस्त रहेको छ ।

देशका सार्वजनिक तथा निजी क्षेत्रका संगठनहरूमा NFRS लागु गर्न निकै चुनौतिपूर्ण छ । तसर्थ संस्थाले आफ्ना सदस्यहरूलाई NFRS सम्बन्धी क्षमता अभिबृद्धि गर्न देशका बिभिन्न स्थानमा तत्सम्बन्धी तालिम तथा सेमिनारहरू सञ्चालन गर्दै आएको छ । यसै सन्दर्भमा संस्थाले चितवन, नेपालगंज, पोखरा र इटहरीमा NFRS सम्बन्धी सदस्य क्षमता अभिबृद्धि तालिम संचालन गरेको थियो ।

आवश्यक प्रक्रिया पूरा गरी लेखापरीक्षण गरेको फाइलको मूल्याङ्कनको आधारमा संस्थाले वर्गबृद्धिको नतिजा प्रकाशित गरेको जानकारी गराउंदछु । सो नतीजा अनुसार आए ग वर्गका ५ जना सदस्यहरूको ख वर्गमा र १ जना घ वर्गका सदस्यको ग वर्गमा बृद्धि भएको छ । त्यसैगरी, वर्गबृद्धिको लिखित परीक्षा समेत संचालन गरिसकेको जानकारी गराउन चाहन्छु ।

प्रत्येक जर्नल तथा खवरपत्रको अंकमा तीन महिनाको अवधि भित्र संस्थामा नयाँ दर्ता भएका चार्टर्ड एकाउन्टेन्टहरूको नामावली प्रकाशन गर्ने कार्यको थालनी गरेको जानकारी गराउन चाहन्छु । यस प्रकाशनको माध्ययमबाट सर्वसाधरणले नयाँ दर्ता भएका चार्टर्ड एकाउन्टेन्टहरूको बारेका जानकारी प्राप्त गर्ने अपेक्षा गरेको छु ।

## संस्थागत विकास

सीमित स्रोत तथा साधनका बावजुद पनि संस्थाले समग्र संस्थागत विकासका लागि विविध कार्यक्रम तथा क्रियाकलापहरू संचालन गर्दै आएको छ । यसै सन्दर्भमा संस्थाले सदस्यहरूको क्षमता विकास सम्बन्धी तालिमहरू, बिद्यार्थीका प्रतिनिधिहरूसंग अन्तरक्रिया, विभिन्न संघ संस्थाहरूसंग छलफल साथै अन्य संघ संस्थाहरूले आयोजना गरेको कार्यक्रममा सहभागिता जनाउंदै आएको छ । यस सन्दर्भमा विविध कार्यक्रम तथा सहभागिताका सम्बन्धमा प्रकाश पार्ने जमर्को गरेको छु ।

Contemporary Issue Discussion Committee ले २०१६, अप्रिल २२ मा काठमाडौंमा आधा दिनको Anti-Money Laundering सम्बन्धी कार्यशाला गोष्ठीको आयोजना गऱ्यो । सो कार्यक्रम दुई सत्रमा संचालन गरिएको थियो ।

सम्पत्ति शुद्धिकरण बिभागले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सहकार्यमा मे ९, २०१६ मा काठमाडौंमा Role of Non- Financial Professional on Anti-Money Laundering सम्बन्धी एक अन्तरक्रिया कार्यक्रमको आयोजना सम्पन्न गरेको जानकारी गराउन चाहन्छु । Anti-Money Laundering सम्बन्धीका विशेषज्ञहरूले Anti-Money Laundering Act को प्रभावकारी प्रयोगमा लेखापरीक्षकहरूको भूमिका सम्बन्धमा आ-आफ्नो धारणा राख्नुभएको थियो ।

संस्थाले मे २७, २०१६ मा काठमाडौंमा Emerging Issues in Accounting Profession सम्बन्धी एक दिने सम्मेलनको आयोजना गऱ्यो । यस सम्मेलनमा Cloud Computing लाई लेखापरीक्षण व्यवसायमा प्रयोग का साथै लेखाव्यवसायका अन्य समसामयिक विषय जस्तै Forensic audit का विषय वारे समेत प्रस्तुतिकरण गरिएको थियो । सम्मेलनमा सम्बन्धित क्षेत्रका विशेषज्ञहरूले आ-आफ्नो प्रस्तुतिकरण गर्नुभएको थियो ।

## कार्यशाला गोष्ठिमा प्रतिनिधित्व

विश्व बैंकले २२ जून, २०१६ मा Report on Observance of Standards and Code- Accounting and Auditing (ROSC-AA) विषयमा आयोजना गरेको कार्यशाला गोष्ठीमा नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । उक्त कार्यशाला गोष्ठीमा मैले सह-अध्यक्षको (Co-Chair) भूमिका निर्वाह गरेको थिएँ ।

## अन्तर्राष्ट्रिय सम्बन्ध

संस्था सधैनै अन्तर्राष्ट्रिय तथा क्षेत्रीय लेखाव्यासायी संस्थासंग भरपर्दो सम्बन्ध स्थापित गर्नका साथै संस्थाको मर्यादा कायम राख्न IFAC ले निर्धारण गरेको परिवर्तित व्यावसायिक आवश्यकता पूरा गर्न कटिबद्ध रहँदै आएको छ ।

सदाझै यस पटक पनि संस्थाका प्रतिनिधिले साफा बोर्ड, बिभिन्न साफा कमिटि तथा क्षेत्रीय फोरमहरूमा सहभागिता जनाएको जानकारी गराउन चाहन्छु ।

अन्तर्राष्ट्रिय क्षेत्रमा आफ्नो भूमिका स्थापित गर्न मेरो नेतृत्वमा गएको प्रतिनिधि मण्डलले मलेशियाको क्वालालम्पूरमा अप्रिल १६ देखि १९, २०१६ सम्म आयोजना भएको CAPA AGM, CAPA बोर्ड बैठक तथा FRED 2 Conference मा सहभागिता जनाएको थियो । यस प्रकारको भ्रमणबाट प्राप्त सैद्धान्तिक ज्ञान तथा अनुभवले संस्थाको क्षमता अभिबृद्धि गर्न सहयोग पुग्ने कुरामा म विश्वस्त छु ।

२०७३/७४को लागि नयाँ अध्यक्षको चुनाव हुन गईरहेको छ । मेरो नेतृत्वको कार्यकालको समाप्तिसंगै नयाँ अध्यक्षलाई नेतृत्व सुम्पन मेरालागि गौरवको कुरा हो ।

अन्तमा, मेरो कार्यकाल सफल पार्न सहयोग गर्नुहुने पार्षद मित्रहरू, समिति सदस्यहरू, सरकारी निकायहरू, पूर्व अध्यक्षहरू, सदस्यहरू, बिद्यार्थीहरूका साथै अन्य सरोकारवालाहरूलाई धन्यवाद दिन चाहन्छु । यसका अतिरिक्त सम्पूर्ण व्यवस्थापन समूह, सम्पूर्ण कर्मचारी वर्गलाई समेत कार्यकाल सफल बनाउन सहयोग गर्नुभएकोमा धन्यवाद दिन चाहन्छु । आगामी दिनमा संस्था तथा नेतृत्व वर्गलाई सहयोग गर्न समेत म सदा सर्वदा तत्पर रहने कुरामा विश्वास दिलाउन चाहन्छु ।

धन्यवाद !!!

प्रकाश लम्साल
अध्यक्ष

सम्पत्ति शुद्धिकरण बिभागले लेखापरीक्षणको क्रममा ऐनमा भएको प्रावधानहरूको प्रयोग गर्दा सावधानी अपनाई कुनै प्रकारको शंकास्पद कारोवार देखिएमा सो को जानकारी Financial Information unit लाई उपलब्ध गराउन ध्यानाकर्षण गरेको थियो ।

### Emerging Issues in Accounting Profession सम्बन्धी सम्मेलन

संस्थाले मे २७, २०१६ मा काठमाडौंमा Emerging Issues in Accounting Profession सम्बन्धी एक दिने सम्मेलनको आयोजना गऱ्यो । संस्थाका अध्यक्ष सिए. प्रकाश लम्सालले स्वागत भाषण सहित कार्यक्रमको शुभारम्भ गर्नुभएको थियो । सम्मेलनमा Cloud Computing लाई लेखापरीक्षण व्यावसायमा प्रयोग का साथै लेखाव्यवसायका अन्य समसामयिक विषय जस्तै विधिको लेखापरीक्षण (Forensic audit) का विषय बारे समेत प्रस्तुतिकरण गरिएको थियो । यस सम्मेलनले लेखाव्यवसायमा आवद्ध भएका तथा नभएका संस्थाका सदस्य एवं गैर सदस्यहरूलाई लेखाक्षेत्रमा देखिएका नवीनतम विषयको बारेमा जानकारी उपलब्ध गराइएको थियो ।




Emerging Issues in Accounting Profession सम्बन्धी सम्मेलनको दृष्य ।

सम्मेलनमा सम्बन्धित क्षेत्रका विशेषज्ञहरूले आ-आफ्नो प्रस्तुतिकरण गर्नुभएको थियो ।

| Session | Topics | Paper Presenter | Chairperson | Commentator |
|---|---|---|---|---|
| Session 1 | Code of Ethics 2015: Guideline Marketing and Publicity of Professional Accountant & Networking of Firms | CA. Jitendra Kumar Mishra | CA. K.K. Singh, Past President, ICAN | CA. Madhu Bir Pande, Past President, ICAN |
| Session 2 | Cloud Computing: To cloud or not to cloud? | Mr. Vivek Rana, ISO 27001 LA, CISA | CA. Sunir Kumar Dhungel, Chairman, Auditing Standard Board and Past President, ICAN | Prof. Dr. Subarna Shakya, DECE, Pulchowk Campus, T.U. |
| Session 3 | Forensic Audit- Relevant in Present Scenario | CA. Nanda Kishor Sharma, Past Chairman of Auditing Standards Board. | CA. Pradeep Kumar Shrestha, Past President, ICAN | CA. Mahesh Kumar Guragain, Past President, ICAN |

सम्मेलनमा संस्थाका उपाध्यक्ष सिए. महेश खनालले मन्तव्य राख्दै कार्यक्रम समापन भएको घोषणा गर्नुभएको थियो ।



Emerging Issues in Accounting Profession सम्मेलनका सहभागीहरू ।

कार्यक्रममा ८० जना महनुभावहरूको सहभागिता रहेको थियो । सम्मेलनमा सहभागी संस्थाका सदस्यहरूलाई ८ सी.पी.ई क्रेडिट आवर प्रदान गरिएको थियो ।

### एन.ए.एस/एन.एफ.आर.एस तालिम

संस्थाको आरए. सदस्य क्षमता विकास समितिले आरए सदस्यहरूको क्षमता अभिबृद्धि कार्यक्रम स्वरूप देशका विभिन्न स्थानमा एन.ए.एस/एन.एफ.आर.एस सम्बन्धी प्रत्येक स्थानमा तीन/तीन दिनको कार्यक्रमको आयोजना गऱ्यो । विभिन्न मितिमा संचालित उक्त तालिम कार्यक्रमको विवरण निम्न अनुसार रहेको थियो ।

| Date | Topics | Place | Trainer | No of Participants |
|---|---|---|---|---|
| April 7-9,2016 | Conceptual framework, Presentation of Financial Statements (NAS 1) Inventories (NAS 2) and Property, Plant and Equipment (NAS 16), Provisions, Contingent Liabilities and Contingent Assets (NAS 37), Accounting Policies, Changes in Accounting Estimates & Error (NAS 8), Revenue (NAS 18), Borrowing Cost (NAS 23), Related Party Disclosure (NAS 24), Events after the Reporting Period (NAS 10), Agriculture (NAS 41), Income Taxes (NAS 12), Construction Contract (NAS 11), Statement of Cash flow (NAS 7) | Chitwan | CA. Mukunda Dev Adhikari<br>CA. Bishnu Prasad Bhandari | 29 |
| May 6-8,2016 | | Nepalgunj | CA. Mukunda Dev Adhikari<br>CA. Bishnu Prasad Bhandari | 27 |
| June 10-12, 2016 | | Pokhara | CA. Suresh Devkota<br>CA. Bishnu Prasad Bhandari | 24 |
| June 24-26, 2016 | | Itahari | CA. Mukunda Dev Adhikari<br>CA. Bishnu Prasad Bhandari | 33 |

तालिमको प्रमुख उद्देश्य आए. सदस्यहरूको क्षमता अभिबृद्धि गरी लेखाव्यवसायमा NAS/NFRS को अधिक प्रयोग गर्ने क्षमता अभिबृद्धि गर्नुरहेको थियो । तालिम कार्यक्रममा सम्बन्धित क्षेत्रमा विशेषज्ञता हासिल गरेका चार्टर्ड एकाउन्टेन्ट सदस्यहरूले प्रस्तुतिकरण गर्नुभएको थियो ।

### कार्यशाला गोष्ठीमा सहभागिता

विश्व बैंकले जुन २२, २०१६ मा The Report on Observance of Standards and Codes - Accounting and Auditing (ROSC-AA) सम्बन्धी कार्यशाला गोष्ठीको आयोजना गऱ्यो । उक्त कार्यशाला गोष्ठीमा संस्थाका अध्यक्ष सिए. प्रकाश लम्सालले सह-अध्यक्ष (Co-Chair) को भूमिका निभाउनु भएको थियो । अध्यक्ष लम्सालले सो गोष्ठीमा संस्था IFAC को मार्गचित्र अनुसार अघि बढिरहेको जानकारी गराउनु भएको थियो ।

संस्थाको तर्फबाट अन्य पदाधिकारीहरू उपाध्यक्ष सिए. महेश खनाल, पार्षदहरू सिए. प्रकाश जंग थापा, सिए. भाष्कर सिंह लाला, ध्रुव प्रसाद पौडेल साथै संस्थाका कार्यकारी निर्देशक विनय प्रकाश श्रेष्ठ र सह निर्देशक विनोद न्यौपानेको सहभागिता रहेको थियो ।

## विद्यार्थी सम्बन्धी

### CA ICAN Career Expo, 2016

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थासंग आवद्धता जनाई सिए कोर्ष संचालन गर्दै आएका पाँच कोचिङ्ग इन्सटिच्यूटहरूको सहकार्यमा संस्थाले ट्रेड टावर थापाथलीमा दुई दिवसीय दोश्रो CA ICAN Career Expo, 2016 संचालन गऱ्यो । २०७३ जेष्ठ १ र २ मा संचालित उक्त कार्यक्रममा संस्था लगायत, सि.ए.आई, सि.सि.एम.ए, सि.आई.एम.ए, ई.आई.एम र चैतन्य सिएको सहभागिता रहेको थियो ।




CA ICAN Career Expo, 2016 को एक दृष्य ।

संस्थाका उपाध्यक्ष सिए. महेश खनालले द्वीप प्रज्वलन गरी कार्यक्रमको उद्घाटन गर्नुभएको थियो । कार्यक्रमको सभापतित्व करीयर काउन्सलिङ्ग समितिका

सभापति एवं पूर्व अध्यक्ष सिए. नारायण वजाजले गर्नुभएको थियो । कार्यक्रमका संयोजक एवं संस्थाका सह-निर्देशक सिए. पुष्पेन्द्र सिंहले कार्यक्रममा उपस्थित सहभागीहरूको स्वागत गर्नुभएको थियो । त्यसैगरी संस्थाका कार्यकारी निर्देशक सिए. विनय प्रकाश श्रेष्ठले कार्यक्रम आयोजना गर्नुको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो भने संस्थाका उपाध्यक्ष सिए. महेश खनालले कार्यक्रमका विविध पक्षको बारेमा जानकारी दिनुभएको थियो । जानकारी गराउने क्रममा उहाँले CPA Australia, ICEAW, SAFA र CAPA संग संस्थाको सम्बन्धको बारेमा समेत प्रकाश पार्नुभएको थियो ।



CA ICAN Career Expo, 2016 मा सहभागी विद्यार्थीहरू ।

कार्यक्रमको विशेष सेसनमा युवा उत्प्रेरक श्री सौनक भट्टले युवावर्गले समयको सदुपयोग राम्रोसंग गरेको खण्डमा सफलता सहजै प्राप्त गर्न सकिने र मिहेनतलाई जारी राख्दा आफ्नो उद्देश्य प्राप्तिको सहज वातावरण सृजना गर्न सकिने विविध उदाहरण प्रस्तुत गर्दै उपस्थित सवैलाई उत्प्रेरणा प्रदान गर्नुभएको थियो ।

चार्टर्ड एकाउन्टेन्सी शिक्षा सम्बन्धमा जानकारीका लागि उपस्थित सवैलाई संस्था लगायत अन्य पाँच कोचिङ इन्सटिच्यूटका काउन्सलरहरूले यस शिक्षा बारेमा जानकारी प्रदान गरेका थिए । शैक्षिक कार्यक्रममा करीव ४५० जनाले भ्रमण गरेका थिए ।

### Kantipur-HISSAN Edu Fair मा सहभागिता

संस्थाले सहभागिता जनाएको Kantipur-HISSAN Edu Fair, २०१६ मा चार्टर्ड एकाउन्टेन्सी शिक्षा प्रति रूचि राख्ने विद्यार्थीहरूले सो शिक्षा सम्बन्धी जानकारी प्राप्त गर्ने उद्देश्यका साथ मे १९ देखि २२, २०१६ सम्म संचालित कार्यक्रममा आफ्नो सहभागिता जनाए । कान्तिपूर पव्लिकेशन तथा Higher Secondary School's Association Nepal (HISSAN) ले Kantipur-HISSAN Edu Fair, २०१६ संयुक्तरूपमा आयोजना गरेका थिए ।

उक्त EDU Fair मा विद्यार्थीहरू र अभिभावक गरी करिव ८०० जनाले संस्थाको स्टलमा भ्रमण गरी चार्टर्ड एकाउन्टेन्सी शिक्षा सम्बन्धी दर्ता प्रकृया, अध्ययन गर्दा लाग्ने शुल्क, भविष्यमा पाउन सकिने वृत्तिका अवसरहरूको बारेमा जानकारी प्राप्त गरेका थिए ।

### चार्टर्ड एकाउन्टेन्सी अन्तिम परीक्षा सम्पन्न

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले CAP I, CAP II र CAP III तहको परीक्षा जून १, २०१६ मा शुरू गरी जून ९, २०१६ मा सम्पन्न गऱ्यो । संस्थाको केन्द्रीय कार्यालय लगायत संस्थाको शाखाहरूमा समेत परीक्षा संचालन गरिएको थियो । केन्द्रीय कार्यालयमा CAP I, CAP II र CAP III तीन तहको परीक्षा संचालन गरियो भने शाखा कार्यालयहरू पोखरा, विराटनगर र वीरगंजमा CAP I र CAP II तहका परीक्षा संचालन गरिएको थियो । परीक्षाको लागि आवेदन दिई परीक्षामा सामेल हुने परीक्षार्थीको संख्या तहगत रूपमा निम्न रहेको थियो ।

| तह | आवेदन/सामेल | दुवै समूह | पहिलो समूह | दोस्रो समूह | कूल |
|---|---|---|---|---|---|
| CAP I | आवेदन | ४०१ | | | ४०१ |
| | सामेल | ३७६ | | | ३७६ |
| CAP II | आवेदन | ७३४ | ३९१ | ३६१ | १४८६ |
| | सामेल | ६९५ | ३१६ | ३१४ | १३२५ |
| CAP III | आवेदन | २१५ | १८२ | १५० | ५४७ |
| | सामेल | २१२ | १६८ | १३१ | ५११ |
| कूल | आवेदन | १३५० | ५७३ | ५११ | २४३४ |
| | सामेल | १२८३ | ४८४ | ४४५ | २२१२ |

कूल २४३४ आवेदक परीक्षार्थी मध्ये कम्तिमा एकवटा विषयमा परीक्षामा सामेल हुने विद्यार्थी संख्या २२१२ रहेको थियो ।

### सदस्यता परीक्षा

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले जून ५ र ७, २०१६ सदस्यता परीक्षाको अनिवार्य पेपरहरू कर्पोरेट ल र एडभान्स टेक्सेसन सम्पन्न गऱ्यो । विदेशी चार्टर्ड एकाउन्टेन्सी संस्थाबाट चार्टर्ड एकाउन्टेन्टको योग्यता प्राप्त गरेका १४७ जनाले कर्पोरेट ल र १३८ जनाले एडभान्स टेक्सेसनको परीक्षामा आफ्नो उपस्थिति जनाएका थिए । सदस्यता परीक्षाको लागि १७० जनाले कर्पोरेट ल र १७१ जनाले एडभान्स टेक्सेसनको लागि परीक्षा फारम भरेका थिए । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ अनुसार विदेशी चार्टर्ड एकाउन्टेन्सी संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गर्ने परीक्षार्थीको हकमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले लिने सदस्यता परीक्षा अनिवार्य रूपमा उत्तीण गर्नुपर्ने प्रावधान छ । सदस्यता परीक्षा उत्तीर्ण भए पश्चात मात्र ती परीक्षार्थीहरू संस्थाको सदस्यताको लागि योग्य हुने व्यवस्था छ ।

### बिद्यार्थी दर्ता

भविष्यमा प्राप्त गर्नसकिने बृत्तिका अवसर तथा संगठित क्षेत्रमा चार्टर्ड एकाउन्टेन्टहरूको बढ्दो मागको कारण चार्टर्ड एकाउन्टेन्सी शिक्षा आकर्षक कोर्षको रूपमा स्थापित हुंदै गईरहेको छ । यसै कारणले संस्थामा पनि चार्टर्ड एकाउन्टेन्सी कोर्ष अध्ययन गर्न चाहने बिद्यार्थीहरूको चाप बढेको छ । अप्रिल २०१६ देखि जून २०१६ सम्म नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा दर्ता बिद्यार्थीको संख्या निम्न रहेको छ ।

| तह | CAP I | CAP II | CAP III |
|---|---|---|---|
| बिद्यार्थी दर्ता संख्या | ५६९ | ३ | ९ |

### विदेशी संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गर्नेहरूको लागि एक बर्षे Internship

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को पाँचौ संशोधनले संस्थाद्वारा मान्यता प्रदान गरेका विदेशी संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी योग्यता हासिल गर्नेहरूको लागि संस्थाको सदस्यता तथा पेशागत प्रमाणपत्र प्राप्त गर्न एक बर्षे Internship गर्नुपर्ने व्यवस्था गरेको छ । अप्रिल २०१६ देखि जून २०१६ सम्म ३५ जनाले एक बर्षे Internship को लागि आफ्नो नाम दर्ता गराएका छन् ।

### Crash Course

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले साविक झै यसपटक पनि CAP III तहका बिद्यार्थीहरूलाई परीक्षामा सहयोग पुगोस भन्ने उद्देश्यले १० दिनको Crash Course संचालन गरेको थियो । अप्रिल १४ देखि अप्रिल २३, २०१६ सम्म संचालित उक्त कोर्षमा ३१ जना बिद्यार्थीहरूको सहभागिता रहेको थियो । उक्त अवधिमा एडभान्स एकाउन्टिङ्ग, ट्याक्सेसन, अडिटिङ्ग र ल विषयमा अध्यापन गराईएको थियो ।

### करीयर काउन्सलिङ्ग र करीयर सम्मेलन

संस्थाले विद्यार्थीहरूवीच सिए शिक्षाको महत्व बारे जानकारी गराउने उद्देश्यले देशका विभिन्न स्थानमा नियमित रूपमा करीयर काउन्सलिङ्ग कार्यक्रम संचालन गर्दैआएको छ । यसैगरी समय समयमा करीयर सेमिनारको आयोजना समेत गर्दै आएको छ । काठमाडौं उपत्यकामा करिव २०० जना र उपत्यका बाहिर करिव १००० जनाले करीयर काउन्सलिङ्ग मार्फत सिए. शिक्षा सम्बन्धी जानकारी प्राप्त गरेका थिए । यही अवधि भित्र उपत्यका बाहिर निम्न स्थान र मितिमा करीयर सेमिनारको समेत आयोजना गरेको थियो ।

| क्र.सं | सेमिनार संचालन गरेको स्थान | मिति |
|---|---|---|
| १ | पोखरा | २०७३, जेष्ठ ०४ |
| २ | बुटवल | २०७३, जेष्ठ ११ |
| ३ | नेपालगंज | २०७३, जेष्ठ १४ |
| ४ | बिराटनगर | २०७३, असार १२ |

### संस्थाका पदाधिकारी तथा बिद्यार्थी संगठनका प्रतिनिधिहरू बीच अन्तरक्रिया

२०७३, बैशाख १७ गते शुक्रवार नेपाल चार्टर्ड एकाउन्टेन्ट्स बिद्यार्थी संगठनका नवनियुक्त अध्यक्ष तथा उक्त संगठनको अन्य प्रतिनिधि मण्डलले संस्थाका अध्यक्ष, उपाध्यक्ष, पार्षदहरू र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स बिद्यार्थी संगठनका निर्वाचन कमिटि सदस्यहरूसंग भेटघाट गरी बिद्यार्थी गतिविधि सम्बन्धी विविध विषय माथि छलफल तथा अन्तरक्रिया गऱ्यो।



संस्थाका पदाधिकारीका साथ विद्यार्थी संगठनका नव निर्वाचित अध्यक्ष तथा सदस्यहरू ।

२०७३, बैशाख ११ गते सम्पन्न भएको बिद्यार्थी संगठनको निर्वाचनमा श्री ऋषिराम पोखरेल अध्यक्ष पदमा निर्वाचित हुनुभएको थियो ।

### लेखाप्राविधिक परीक्षाको परीक्षाफल प्रकाशित

लेखाप्राविधिक विनियमावली २०६७ बमोजिम २०१६, मार्चमा संचालित लेखाप्राविधिक परीक्षाको परीक्षाफल २०१६, मे १२ मा प्रकाशित गरिएको छ । परीक्षाको नतिजा अनुसार दिपेन्द्र तिमिल्सिना (AT-००२४६), लिल बहादुर थापा (AT-००२४८) र पप्पु कुमार गुप्ता (AT-००२८८) लेखाप्राविधिक परीक्षामा उत्तीर्ण हुनुभएको थियो । कुल १२ बिद्यार्थीहरूले लेखाप्राविधिकको परीक्षा दिएका थिए ।

## सदस्य सम्बन्धी

### संस्थाको सदस्य, पेशागत प्रमाणपत्र र लेखाव्यवसायी फर्मको स्थिति

२०७२ श्रावण १, देखि २०७३ असार १६, सम्म कुल सदस्यता, पेशागत प्रमाणपत्र तथा लेखाव्यवसायी संस्था तथा नवीकरण स्थिति निम्न अनुसार रहेको छ ।

| सदस्यको बर्ग | सदस्यता | | पेशागत प्रमाणपत्र | | लेखाव्यवसायी संस्था | |
|---|---|---|---|---|---|---|
| | कूल | नवीकरण | कूल | नवीकरण | कूल | नवीकरण |
| सिए/एफसिए | ९८६ | ७१० | ७२१ | ३६९ | ६३२ | ३६८ |
| आरए. बी | ३३८० | १९६० | ३१४५ | १३९३ | १६२८ | १३९२ |
| आरए. सी | १६०३ | ८६४ | १४७१ | ६८७ | ८२१ | ६८६ |
| आरए. डी | २२८४ | १२७६ | २०९२ | ११०९ | ११९१ | ११०२ |
| कूल सदस्य | ८२५३ | ४८१० | ७४२९ | ३५५८ | ४२७२ | ३५४८ |

### २०१६ अप्रिल १ देखि २०१६ जून ३० सम्ममा संस्थामा नयाँ दर्ता चार्टर्ड एकाउन्टेन्ट सदस्यहरूको नामावली

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स् नियमावली, २०६१ को नियम ४४ बमोजिम २०१६ अप्रिल १ देखि २०१६ जून ३० सम्ममा निम्न ३९ व्यक्तिहरूलाई संस्थाको चार्टर्ड एकाउन्टेन्टको सदस्यता प्रमाणपत्र प्रदान गरिएको छ ।

| S. No. | Mem. No. | Name |
|---|---|---|
| 1 | 949 | KRIPA SHRESTHA |
| 2 | 950 | SUJIT POKHAREL |
| 3 | 952 | PRACHAND DHOJ KARKI |
| 4 | 953 | NISHAN POUDEL |
| 5 | 954 | SHAILESH DALLAKOTI |
| 6 | 956 | RISHI KESH PAHARI |
| 7 | 958 | RISHI RAM CHALISE |
| 8 | 959 | SURESH SHARMA |
| 9 | 960 | BALARAM PARAJULI |
| 10 | 961 | MURALI DHAR JOSHI |
| 11 | 962 | NABINA THAPA |
| 12 | 963 | SHRISTI KHADKA |
| 13 | 964 | UJJWAL LAMICHHANE |
| 14 | 974 | RUPESH BHANDARI |
| 15 | 965 | ANIL LAMICHHANE |
| 16 | 966 | TRIPTI D.C. |
| 17 | 967 | LAXMI PAUDEL |
| 18 | 968 | UDDHAB SILWAL |
| 19 | 969 | RAJA RAM KADEL |
| 20 | 970 | ANUJA ADHIKARI |
| 21 | 972 | NIRAJ SHRESTHA |
| 22 | 973 | SITARAM WAGLE |
| 23 | 975 | UTSAV PANTHI |
| 24 | 977 | KRIPSON MANANDHAR |
| 25 | 979 | ANUP KUNWAR CHHETRI |
| 26 | 980 | MANOJ THAPALIYA |
| 27 | 981 | YUGADI LUITEL |
| 28 | 982 | NAMISHA BHATTARAI |
| 29 | 983 | ISHWAR BHATTARAI |
| 30 | 984 | NARAHARI ADHIKARI |
| 31 | 985 | MANOJ KUMAR BHATT |
| 32 | 986 | SHIVAKUMAR SHAH |
| 33 | 989 | PRIYANK POKHREL |
| 34 | 987 | KEDAR NATH BASTOLA |
| 35 | 988 | PRATISH SHAKYA |
| 36 | 990 | SUJAN SHRESTHA |
| 37 | 991 | SUBASH POUDEL |
| 38 | 992 | NARAYAN BHURTEL |
| 39 | 993 | HEMLAL BHANDARI |

## लेखापरीक्षणको आधारमा सदस्यको पेशागत प्रमाणपत्रको स्तर बृद्धिको नतिजा प्रकाशित

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ५४(२) र (३) बमोजिम सदस्यको पेशागत प्रमाणपत्रको स्तर बृद्धिको नतिजा प्रकाशित गरिएको छ । नतिजा अनुसार ५ जना ग वर्गबाट ख वर्गमा र १ जना घ बर्गको सदस्यको पेशागत प्रमाणपत्र ग बर्गमा स्तरोन्नती गरिएको छ । पेशागत प्रमाणपत्रको स्तरोन्नती हुने सदस्यहरूको नामावली निम्न अनुसार छ ।

| क्र.संख्या | नाम | सदस्यता नं | स्तर |
|---|---|---|---|
| १ | आरए. ललित बहादुर घर्ती | ३४९८ | ग वर्गबाट ख वर्ग |
| २ | आरए. सन्तोष ढकाल | ५५४८ | ग वर्गबाट ख वर्ग |
| ३ | आरए. उत्सव के.सी. | ३७१८ | ग वर्गबाट ख वर्ग |
| ४ | आरए. शुशिल कुमार बर्मा | ४४३० | ग वर्गबाट ख वर्ग |
| ५ | आरए. प्रकाश कुमार अधिकारी | ३१२५ | ग वर्गबाट ख वर्ग |
| ६ | आरए. घनबहादुर चन्द | ३५९८ | घ वर्गबाट ग वर्ग |

त्यस्तै वर्गबृद्धि परीक्षामा सामेल आरए. प्रेमप्रसाद सापकोटा सदस्यता नं ६०८९ ले पहिलो समूह उत्तीर्ण गर्नुभएको छ ।

यसैगरी, बर्गबृद्धि परीक्षा अन्तर्गतको लिखित परीक्षा जून ३ र ५, २०१६ मा सम्पन्न भयो । उक्त परीक्षामा जम्मा १ जना सदस्यले मात्र ग वर्गबाट ख वर्गको लागि परीक्षा दिएका थिए ।

## अन्तर्राष्ट्रिय समाचार

### SAFA Board, Committee / SAFA- IFAC Regional PAIB फोरम बैठक

संस्थाका अध्यक्ष सिए. प्रकाश लम्सालको नेतृत्वमा चार सदस्यीय टोलिले भारतको मुम्बईमा ८ देखि १२ अप्रिल, २०१६ सम्म आयोजित SAFA Board, Committee र SAFA- IFAC Regional PAIB फोरम बैठकमा भाग लिएको थियो । संस्थाको तर्फबाट अन्य सहभागीहरूमा पार्षद् द्वय सिए. जगन्नाथ उपाध्याय र आए. सूर्य प्रसाद अधिकारी साथै संस्थाका पूर्व अध्यक्ष एवं साफा कमिटि सभापति सिए. सुबोध कुमार कर्णको सहभागिता रहेको थियो ।

### CAPA AGM, CAPA Board Meeting / FRED 2 Conference

अध्यक्ष सिए. प्रकाश लम्सालको नेतृत्वमा चार सदस्यीय टोलिले मलेशियाको राजधानी क्वालालाम्पूरमा अप्रिल १६ देखि १८, २०१६ सम्म आयोजना भएको CAPA AGM, CAPA Board Meeting र FRED 2 Conference मा सहभागिता जनाएका थिए । संस्थाको तर्फबाट अन्य सहभागीहरूमा पार्षद्हरू सिए. सुरेश देवकोटा, आए. यादव प्रसाद न्यौपाने र श्री मुकुन्द राज पन्थीको सहभागिता रहेको थियो ।

## बधाई तथा शुभकामना !!



सिए. प्रकाश जंग थापा    सिए. महेश खनाल

सिए. महेश खनाल नव निर्वाचित अध्यक्ष हुनुहुन्छ । हाल उहाँले संस्थाको परिषद्मा रही उपाध्यक्षको भूमिका र परिषद्को विभिन्न समितिमा रही कार्य गर्दै आउनुभएको छ । उहाँले सन् १९९७ मा ICAI भारतबाट चार्टर्ड एकाउन्टेन्सी कोर्ष र सन् १९९८ मा Maastricht School of Management नेदरल्यान्डबाट MCMIS मा PG Diploma गर्नुभएको छ ।

सिए. प्रकाश जंग थापा नव निर्वाचित उपाध्यक्ष हुनुहुन्छ । हाल उहाँले संस्थाको परिषद्मा तथा परिषद्का विभिन्न समितिमा रही कार्य गर्दै आउनु भएको छ । उहाँले सन् १९९५ मा ICAI भारतबाट चार्टर्ड एकाउन्टेन्सी कोर्ष र सन् २००८ मा ICAA अष्ट्रेलियाबाट समेत चार्टर्ड एकाउन्टेन्सी कोर्ष गर्नुभएको छ ।

## एकल फर्म तथा साझेदारी फर्म खोल्ने व्यवस्थामा भएको संशोधन सम्बन्धी अत्यन्त जरूरी सूचना !

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ मा भएको पाँचौं संशोधन अनुसार यस संस्थाबाट पेशागत प्रमाणपत्र प्राप्त सदस्यहरुले एकै समयमा एक भन्दा बढी एकल फर्म खोल्न वा एक भन्दा बढी साझेदारी फर्मको साझेदार हुन नपाउने व्यवस्था गरेको छ । एकल फर्म भएका सदस्यहरुले साझेदारी लेखाव्यवसायी फर्ममा साझेदार हुन चाहेमा एकल फर्म निष्कृय गर्नुपर्ने व्यवस्था रहेको छ । यसरी निस्कृय भएको एकल फर्म नवीकरण गर्न चाहेमा नवीकरण गर्न सकिनेछ तर सो एकल फर्मको नामबाट साझेदारी फर्मको साझेदार रहँदासम्म लेखाव्यवसाय गर्न भने पाईने छैन ।

तसर्थ कुनै सदस्य एक भन्दा बढी लेखाव्यवसायी फर्ममा संलग्न रहेको भए मिति २०७४ साल असार मसान्त भित्र एकल लेखाव्यवसायी फर्म वा एक मात्र साझेदारी लेखाव्यवसायी फर्ममा संलग्नता रहने गरी व्यवस्था मिलाइ सक्नुपर्नेछ अन्यथा त्यस्ता सदस्यहरुको लेखाव्यवसायी फर्म २०७४ श्रावण १ गतेबाट नवीकरण नगरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

## सदस्यहरूका लागि सी.पी.ई. क्रेडिट आवर सम्बन्धी सूचना

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ५५ (१) मा भएको व्यवस्था अनुसार पेशागत प्रमाणपत्र नलिएका सदस्यहरूले पनि आ.व. २०७३/७४ बाट सदस्यता नवीकरण गर्दा कम्तीमा ८ सी.पी.ई. क्रेडिट आवर लिनुपर्ने परिषद्को निर्णय भएकोले सोही अनुसार सी.पी.ई. क्रेडिट आवर पूरा गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

टिकट


प्रकाशक : सम्पादन समिति

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL

(Established under the Nepal Chartered Accountants Act, 1997)

सातदोबाटो, ललितपुर, पो.ब.नं. ५२८९ (काठमाडौं), फोन: ०१-५५३०८३२, ५५३०७३०

फ्याक्स: ००९७७-१-५५५०७७४, इमेल: ican@ntc.net.np, वेवसाइट: www.ican.org.np

शाखाहरू: विराटनगर, बुटवल, वीरगञ्ज, पोखरा, नेपालगञ्ज